नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

पत्र संख्या:- ०८०/०८१

चलानी नं. :-

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यूले मौजुदा मन्त्रिपरिषद्का आर्थिक मामिला तथा योजना मन्त्री माननीय बहादुर सिं लामा (तामाङ); खानेपानी, उर्जा तथा सिँचाई मन्त्री माननीय तिर्थ बहादुर लामा; उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री माननीय रामकृष्ण चित्रकार; संस्कृति, पर्यटन तथा सहकारी मन्त्री माननीय पुकार महर्जन; स्वास्थ्य मन्त्री माननीय उत्तम जोशी र वन तथा वातावरण मन्त्री माननीय मसिना खड्काले नेपालको संविधानको धारा १६९ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालय; खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय; उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय; संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय; स्वास्थ्य मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको कार्यभार माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेलज्यूले सम्हाल्ने गरी तोक्नु भएको छ।

**२०८० साल फागुन २३ गते, बुधबार।**

**(गोविन्द प्रसाद पौडेल)**
**प्रवक्ता**